ऐन नं २

## लेटाङ नगरपालिका संस्था दर्ता ऐन २०७८ संशोधन गर्न बनेको ऐन २०८०

लेटाङ नगरपालिकाको संस्था दर्ता तथा नविकरण गर्न तयार भएको ऐन, संघीय र प्रदेश ऐनवीच दोहोरोपन नहुने व्यवस्था गरी स्थानीय स्तरको संघ सस्था दर्ता र नविकरण गर्न लेटाङ नगरपालिका संस्था दर्ता ऐन २०७८ मा भएका व्यवस्थाहरू संशोधन गर्न

नेपालको संविधानको धारा २२१ को अधिकार प्रयोग गरी धारा २२६ एवम् लेटाङ नगरपालिका संस्था दर्ता ऐन २०७८ ऐनको दफा १७ बमोजिम लेटाङ नगरपालिकाको १४ औं नगर सभाले लेटाङ नगरपालिका संस्था दर्ता ऐन २०७८ संशोधन गर्न बनेको ऐन २०८० जारी गरेको छ।

भूपेन्द्र कुमार लावती
नगर प्रमुख

परिच्छेद १ प्रारम्भिक

३. सम्क्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "लेटाङ नगरपालिका संस्था दर्ता ऐन २०७८ संशोधन गर्न बनेको ऐन, २०८०" रहेको छ।

४. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

परिच्छेद २ लेटाङ नगरपालिका संस्था दर्ता ऐन २०७८ मा संशोधन

२. मूल ऐनको अनुसूची ३ (१) (ख) को सट्टा देहयको खण्ड राखिएको छः

३(३) (ख) सस्थाको कार्यक्षेत्रः यस संस्थाको कार्यक्षेत्र लेटाङ नगरपालिका भित्र हुनेछ।

संशोधन गर्नुपर्ने व्यवस्था

| सम्वन्धित दफा वा अनुसूची | साविकाको व्यवस्था | हुनुपर्ने व्यवस्था | संशोधन गर्नु पर्नाका कारण |
|---|---|---|---|
| अनुसूची ३ (१) ख संस्थाको कार्यक्षेत्र | ख) सस्थाको कार्यक्षेत्रः यस संस्थाको कार्यक्षेत्र प्रारम्भिक रूपमा लेटाङ नगरपालिका भित्र हुनेछ। प्रचलित कानुनको रित पुर्याई सम्वन्धित स्थानीय तहको पूर्व स्वीकृति लिई नेपालको जुनसुकै स्थानमा पनि शाखा कार्यालय खोली कार्य सञ्चालन गर्न सकिनेछ। | ख) सस्थाको कार्यक्षेत्रः यस संस्थाको कार्यक्षेत्र लेटाङ नगरपालिका भित्र हुनेछ। | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४ (११) (ठ) संघसस्था दर्ता तथा नविकरण को खण्ड (२)स्थानीय स्तरका संघ सस्थाको दर्ता तथा नविकरण भन्ने व्यवस्था कार्यान्वयन गर्न विधानको एकरूपता ल्याउन। |